विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ तथा नियमावली २०७६को नियम १६ बमोजिम

## स्थानिय विपद व्यवस्थापन समितिको

## आर्थिक वर्ष २०७८।०७९ को

# वार्षिक प्रगति प्रतिवेदन

२०७९ श्रावण

बुलिङटार गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बुलिङटार, नवलपरासी(वर्दघाट सुस्ता पूर्व)

२०७९

सिताराम खनाल
नि.प्रमुख प्रशासकीय अधिकृत

# विषय सूची

बुलिङटार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुलिङटार, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल
२०७३

| शिर्षक | पेज नं |
| --- | --- |
| १. पृष्ठभूमि | १ |
| १.१. स्थानीय तहको संक्षिप्त परिचय | १ |
| १.२ विद्यमान अवस्थाको समिक्षा | १ |
| २. विपद जोखिम न्यूनिकरणसम्बन्धी व्यवस्था | ३ |
| २.१. नितिगत व्यवस्था | ३ |
| २.२ संस्थागत व्यवस्था | ३ |
| ३. आ.ब. २०७८।०७९ मा भएका मुख्य मुख्य क्रियाकलापहरु | ४ |
| ३.१. राहत कोष | ४ |
| ३.२. विपद जोखिम न्यूनिकरुणमा सघाउ पुग्ने आयोजनाहरु | ५ |
| ३.३ अन्य कार्यहरु | ५ |
| ४. निश्कर्ष र सुझाव | ५ |

सिताराम सुनाल
प्रमुख प्रशासकीय अधिकृत

## १. पृष्ठभुमिः

### १.१. स्थानिय तहको संक्षिप्त परिचय

नेपालको संविधान २०७२ जारी भएपछि संघियताको कार्यान्वयन सुरु भएको तथा संघियताको कार्यान्वयन सँगै नेपाललाई २०७३।११।२७ गतेबाट लागु हुने गरि नेपालको संविधान २०७२ को धारा २९५ उपधारा ३ बमोजिम ७५३ वटा स्थानीय तह विभाजन गरिएको छ। जसमध्ये ६ वटा महानगरपालिका, ११ वटा उपमहानगरपालिका, २७६ वटा नगरपालिका र ४६० वटा गाउँपालिका रहेका छन। गण्डकी प्रदेश नवलपरासी(बर्दघाट सुस्ता पूर्व) का ८ वटा स्थानीय तहमध्ये बुलिङटार गाउँपालिका साविकका कोटथर गाविसका सबै ९ वडा, डाँडाझेरी गाविसका सबै ९ वडा, बुलिङटार गाविसका सबै ९ वडा, अर्खला गाविसका सबै ९ वडा, जौबारी गाविसका ४,५,६,७,८ र ९ वडा र भारतीपूर गाविसका सबै ९ वडा समाहित गरि ६ वटा वडामा समाहित भइ गठन भएको गाउँपालिका हो। समुन्द्री सतहबाट २४० मिटर देखि १७८० उचाइ सम्म रहेको बुलिङटार गाउँपालिकाको क्षेत्रफल १४७.६८ वर्ग किलोमिटर रहेको छ। यसको पूर्वमा गैडाकोट नगरपालिका र देवघाट गाउँपालिका,पश्चिममा बौदीकाली र हुप्सेकोट गाउँपालिका, उत्तरमा ऋषिङ गाउँपालिका र घिरिङ गाउँपालिका र दक्षिणमा देवचुली नगरपालिका रहेको छ।बुलिङटार गाउँपालिकाको केन्द्र साबिक बुलिङटार गाविसको कार्यालय तोकिएको स्थानबाट सेवा प्रदान गर्दै आइरहेको छ।वि.स. २०६८ को जनगणना अनुसार यस गाउँपालिकामा १९१२२ जना रहेको छ। साथै २०७८ सालको जनगणनाको प्रारम्भिक प्रतिवेदन अनुसार बुलिङटार गाउँपालिकाको जनसंख्या १४५९६ रहेको छ।

### १.२ विद्यमान अवस्थाको समिक्षा

साविकको स्थानीय निकायबाट स्थानीय तहको रुपमा परिवर्तन भएपछि संवैधानिक रुपमा नै अधिकारको बाँडफाँड भएर कार्य जिम्मेवारी र अधिकारमा बढोत्तरी भएको छ। जननिर्वाचित प्रतिनिधिमार्फत स्थानीय सरकार सञ्चालन गर्ने कानूनी व्यवस्था बमोजिम बुलिङटार गाउँपालिकाले पनि स्थानीय प्रतिनिधिमार्फत आफ्नो गाउँपालिकाको विकास र समृद्धिका लागि कानून, नीति, योजना निर्माण गरि आफ्नो संयन्त्र मार्फत कार्यान्वयन गर्नेसम्मका कार्यहरु गरिरहेको छ। संघात्मक व्यवस्था बमोजिम तीन तहको सरकारमध्ये स्थानीय सरकारको हैसियत प्राप्त गर्नु आफैमा राम्रो हो। स्थानीय सरकार संचालन र नीति, बजेट तथा योजना तर्जुमा तथा कार्यान्वयनसँगै विपद जोखिम न्यूनिकरण, स्तरीकरण र व्यवस्थापन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको जिम्मेवारीमा समेत पर्न आएको छ। विपद् जोखिम न्यूनिकरणका सन्दर्भमा देखिएका सबल र कमजोर पक्ष तथा गाउँपालिकाको विद्यमान चुनौति र अवसरहरुलाई संक्षेपमा प्रस्तुत गरिएको छ।

सिताराम खनाल
नि.प्रमुख प्रशासकीय अधिकृत

सबल पक्ष

- विपद् जोखिम भए पनि तुलनात्मक रुपमा गाउँपालिकाको अधिकांश भु-भाग सम्म परेकोले विपदका घटना न्यून,
- बाढी, पहिरो, आगलागि लगायतका जोखिमको दृष्टीले कम जोखिमयुक्त गाउँपालिका हुनु,
- गाउँ/टोल वडामा स्थानीय जनप्रतिनिधि रहेको हुदाँ यथाशिघ्र विपद प्रतिकार्य गर्न सहज हुनु,
- देशकै गौरवको आयोजना कालिगण्डकी करिडोरले पूर्वदेखि पश्चिमसम्म छोएको, दलदले बोझापोखरी हुदै कोखेटार जोड्ने सडक र बोझापोखरी भारतीपुर अत्रौली सडकले अधिकांश भाग समेटेकोले राहत उद्दारमा केहि सहजता हुनु।

कमजोर पक्ष

- सचेतनाको कमीका कारण प्रकोपजन्य रोग, सानातिना दुर्घटनाहरुको सामना गर्नुपर्ने।
- अधिकांश यूवा जनशक्ति वैदेशिक रोजगारमा भएकोले विपद उद्दार कार्य गर्नुपरेमा गाउँमा यूवा जनशक्ति नभेटिने।
- विपदपछिको खोज, उद्दार तथा राहतका लागि स्थानीय दक्ष जनशक्तिको अभाव।
- गाउँपालिकाको मानव विकास सुचकांक, स्वास्थ्य  शिक्षा क्षेत्र उल्लेखय रुपमा सन्तोषजनक नहुनु।

अवसर

- जनप्रतिनिधिमूलक संस्था सहितको स्थानीय सरकार भएकोले विपद् प्रतिकार्य सम्बन्धी स्थानीय परिवेश बमोजिम योजना निर्माण गर्न सकिने।
- भौतिक पूर्वाधारको विकासको चरणमा रहेकोले विपद् संवेशनशील विकासमा जोड दिन सकिने।
- संघ, प्रदेश र अन्य स्थानीय तहसँगको साझेदारीमा विपद् जोखिम न्यूनिकरण सम्बन्धी समस्यासँग जुध्न सकिने।
- भवन संहिता, पूर्वाधार संहिता कार्यान्वयनको सुरुवात गर्न सकिने र  कार्यान्वयन गर्न सकिने।

चुनौति

- न्यूनतम स्रोतबाट सवल संरचना निर्माण गर्नु।
- परम्परागत सोच, सामाजिक संरचनामा परिवर्तन गरि सचेतना ल्याउनु।
- सडक, बिजुली, पानी जस्ता पूर्वाधार विकासलाई वातावरण अनुकुल बनाउनु।
- स्थानीय स्तरमा विपद् प्रतिकार्यका लागि दक्ष जनशक्ति उत्पादन र परिचालन गर्नु।

- दक्ष जनशक्ति विकासका साथै बेरोजगार युवालाई रोजगार प्रदान गरी विदेश पलायन हुनबाट रोक्नु।
- गुणस्तरीय पूर्वाधार निर्माण र व्यवस्थापनका लागि स्रोत व्यवस्थापन, क्षमता अभिवृद्धि र समन्वय कायम गर्नु।
- पर्याप्त मात्रामा बजेट विनियोजन गर्नु।

## २. विपद जोखिम न्यूनिकरण सम्बन्धी व्यवस्था

### २.१. नीतिगत व्यवस्था

- विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन,२०७४(संशोधन सहित)
- विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली,२०७६
- ढुंगा, गिटि, बालुवा उत्खनन्, संकलन तथा क्रसर उद्योग स्थपना र संचालन व्यवस्थित गर्ने कार्यविधि,२०७५
- अपांगता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि,२०७५
- क्वारेन्टाइन संचालन तथा व्यवस्थापन मापदण्ड २०७६
- स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७७

### २.२. संस्थागत व्यवस्था

क. स्थानीय विपद व्यवस्थापन समिति

| क्र स | पद | नामथर | कार्यालय | सम्पर्क फोन | कैफियत |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | शशिकिरण वस्ताकोटी | बुलिङटार गापा | | |
| २ | उपाध्यक्ष | मैना विक | बुलिङटार गापा | | |
| ३ | वडा अध्यक्ष | दिल वहादुर सुर्यवंशी | बुलिङटार १ | | |
| ४ | वडा अध्यक्ष | प्रेम वहादुर थापा | बुलिङटार २ | | |
| ५ | वडा अध्यक्ष | यम वहादुर झेडी मगर | बुलिङटार ३ | | |
| ६ | वडा अध्यक्ष | चेत वहादुर गोदामी | बुलिङटार ४ | | |
| ७ | वडा अध्यक्ष | पूर्णसिंह खण्डलुक | बुलिङटार ५ | | |
| ८ | वडा अध्यक्ष | सुर्य वहादुर राना | बुलिङटार ६ | | |
| ९ | स्वास्थ्य शाखा प्रमुख | अशोक कुमार श्रेष्ठ | बुलिङटार गापा | | |
| १० | नि.प्र.प्र.अ | सिताराम खनाल | बुलिङटार गापा | | |

बुलिङटार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुलिङटार, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल
२०७३

ख. वन, वातावरण तथा विपद व्यवस्थापन समिति(विषयगत समिति)

| क्रस | नामथर | पद | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|
| १ | पूर्ण सिं खण्डलुक मगर | संयोजक | | |
| २ | विष्णुविर जर्घा मगर | सदस्य | | |
| ३ | हस्त कुमारी परियार | सदस्य | | |
| ४ | भगवती पुरी | सदस्य | | |
| ५ | कुलमान श्रेष्ठ | सदस्य सचिव | | |

ग) गाउँपालिका स्तरिय द्रुत प्रतिकार्य टोली(RRT)

घ) वडा स्तरिय विपद व्यवस्थापन समिति

**३. आ.ब. २०७८।०७९ मा भएका मुख्य मुख्य क्रियाकलापहरु**

३.१. राहत कोष

बुलिङटार गाउँपालिकाको मिति २०७८।०३।१० गते सम्पन्न नबौ गाउँसभाबाट विपद व्यवस्थापन बाढी पहिरो आगलागी शिर्षकमा रु १० लाख बिनियोजन भएको र बुलिङटार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७८।०७।१० गतेको निर्णय अनुसार प्राकृतिक प्रकोपका कारण क्षति पुगेका पिडितहरुलाई वडा समितिले गरेको मुल्याङ्कनको आधारमा प्रहरी सर्जमिन मुचुल्काले यकिन गरेको क्षतिको विवरणको आधारमा तत्काल राहत उपलब्ध गराउने गरिएको छ।

| क्र स | भएको क्षति | पाउने क्षतिपूर्ति | कैफियत |
|---|---|---|---|
| १ | रु ५०००० सम्मको | रु ५००० | |
| २ | रु ५०००० देखि १ लाख सम्मको | रु १०००० | |
| ३ | रु १ लाख देखि १ लाख ५०हजार सम्मको | रु १५००० | |
| ४ | रु १ लाख ५०हजार देखि माथि र घर पूर्ण रुपले क्षति पुगेको घर परिवारलाई | रु २०००० | |

खर्चको विवरण

| आ.ब. | विनियोजित रकम | खर्च | बाँकी | कैफियत |
|---|---|---|---|---|
| ०७८।७९ | १० लाख | ५ लाख ९ हजार | ४ लाख ९१ हजार | |

सिताराम सुनाल
नि. प्रमुख प्रशासकीय अधिकृत

आ.ब. २०७८।०७९ मा बुलिङटार गाउँपालिकामा बिपद व्यवस्थापन कोष(प्रकोप व्यवस्थापनको हालको अवस्था देहाय बमोजिम रहेको छ।

| आ.ब. | विनियोजित रकम | खर्च | मौज्दात | कैफियत |
|---|---|---|---|---|
| २०७८।०७९ | १३२१००० | - | १३२१००० | |

३.२ विपद जोखिम न्यूनिकरणमा सघाउ पुग्ने आयोजनाहरु

| क स | कार्यक्रम/आयोजना | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | पिपलछाप पहिरो नियन्त्रण | ७ लाख | |
| २ | भलयटार टुडो पहिरो नियन्त्रण | ३ लाख ५० हजार | |
| ३ | उपल्लो अर्खला ढल निकास | ५ लाख | |
| ४ | चुलीबोझा ढल निकास | ५ लाख | |
| ५ | देउराली ढल निकास | ५ लाख | |
| ६ | भुल्के पहिरो विपद व्यवस्थापन कोखेटार | १ लाख | |
| ७ | राइकोट अधुरो ढल व्यवस्थापन | ८ लाख | |

३.३. अन्य कार्यहरु

- गाउँपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य कार्यालयहरुका लागि १८ वटा अग्नि नियन्त्रक यन्त्रको व्यवस्था गरिएको, उद्दार प्रयोजनका लागि जेसिबिको व्यवस्था गरिएको, घाइतेलाई अस्पताल सम्म लैजाने व्यवस्थाका लागि रकम विनियोजन गरि नेपाल रेडक्रस सोसाइटी बुलिङटार शाखाबाट एम्बुलेन्स सेवाको व्यवस्था भइ सञ्चालन गर्दै आइरहेको छ।
- बुलिङटार गाउँपालिकाका विपद व्यवस्थापन तथा द्रुत कार्यको लागि ३९ जना सहायक स्तरको जनशक्ति र एकजना एम वि वि एस डाक्टरको व्यवस्था विभिन्न स्वास्थ्य चौकीहरुमा गरिएको छ।
- साथै भौगोलिक रुपमा अति नै विकट स्थानहरुमा सामुदायिक स्वास्थ्य इकाइ स्थापना गरि तत्काल विपद व्यवस्थापनका लागि कार्य गर्न मिल्ने गरि व्यवस्थापन गरिएको छ।

३. निश्कर्ष र सुझाव

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र विपदसँग सम्बन्धित संघिय तथा प्रादेशिक कानूनहरुले स्थानीय तहले गर्नुपर्ने भनि निदृष्ट गरेका विपद् जोखिम न्यूनिकरण सम्बन्धि कामहरु आंशिक रुपमा सुरुवात भएता पनि गाउपालिकाले पूर्ण रुपमा कार्यान्वयन गर्न नसकिरहेको अवस्था छ। खासगरी नीतिगत प्रष्टताको अभाव, नयाँ संरचनामा काम, कर्तव्य र

अधिकार बाँडफाँड र जिम्मेवारी कार्यान्वयनमा अन्यौलता, गाउँपालिकामा विषयगत ज्ञानको कमि, सम्बन्धित कर्मचारी तथा आवश्यक जनशक्तिको अभाव जस्ता कारणले जति प्रभावकारी कार्यान्वयन हुनुपर्ने हो त्यति हुन नसकेको निश्कर्ष निकालिएको छ। विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धमा गाउँपालिकाले आगामी दिनमा देहाय बमोजिमा क्रियाकलापहरु अगाडि बढाउनुपर्ने देखिन्छ।

क. स्थानीय विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन निर्माण र कार्यान्वयन गर्ने।

ख. विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन समितिलाई पूर्णता दिने।

ग. गाउँपालिकाको स्थानीय विपद तथा जलवायु उत्थानशील योजना निर्माण गर्ने।

घ. ३ वर्षभित्र सवै वडाहरुको LDCRP निर्माणका कार्य अगाडि बढाउने।

ङ. विपद व्यवस्थापनमा योजना तथा नीति निर्माणका लागि प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग समन्वय गर्ने,

च. विपद प्रतिकार्य सम्बन्धी तालिम आयोजना गरी जनशक्ति उत्पादन गरी परिचालनका लागि तयारी अवस्थामा राख्ने,

छ. आपतकालिन सूचना केन्द्र स्थापन गरी पूर्व सूचना प्रणाली र तथ्याङ्क व्यवस्थापन(LEOC बनाइ DEOC सँग समन्वय गर्ने),

ज. भवन निर्माण संहिता बनाई लागू गर्ने।

झ. सबै सामुदायिक वनहरुलाई मध्यनजर गरी अग्नी रेखा निर्माण गर्ने।

ञ. सबै वडामा हेलिप्याड निर्माणका लागि प्राविधिक सहयोगका लागि प्रदेश सरकारसमक्ष अनुरोध गरी अध्ययन कार्य अगाडि बढाउने

ट. विपद् व्यवस्थापन कोषलाई वृद्धि गर्ने र राहत मापदण्डमा समयाकुल संशोधन गरि वस्तुगत राहत र नगद राहतलाई व्यवस्थित बनाउने।

ठ. RRT लाई वडा तहसम्म विस्तार गर्ने।

ड. खोज तथा उद्दार तालिम, विपद व्यवस्थापन सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिमका लागि सम्भाव्यताको खोजी गर्ने।

सिताराम खनाल